# चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८१/०८२
चलानी नं.: ८४

मितिः२०८१/०४/१०
ने.सं.११४४ दिल्लागा ५ बिहिबार

**विषयः सूचना प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश लोकसेवा आयोग कोशीको मिति २०८१/०४/०७ को पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भएको "स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरवन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविच्छिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरुमात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गर्ने र उक्त विज्ञापनमा त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन भन्ने व्यवस्था कार्यान्वयन गर्नका लागि आयोगबाट पदपूर्ति हुने पदको विवरण माग भएको हुँदा माथिको मापदण्ड भित्र पर्नुहुने कर्मचारीहरुले मिति २०८१/०४/१९ गते भित्र स्थानीय सरकारी सेवा (गठन तथा सचांलन) ऐन, २०८० बमोजिमका कागजात सहित निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

(सन्तोष राई)
प्रमुख प्रशासकीय अधिकृत